# कोशी प्रदेश लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८०

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश, विराटनगर, नेपाल

# कोशी प्रदेश लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८०

नेपालको संविधानले दिशानिर्देश गरे बमोजिम समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अङ्ग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गरी सुशासन अभिवृद्धि गर्ने कुरालाई आत्मसाथ गर्दै कोशी प्रदेश सरकारका समग्र क्रियाकलापहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको कसीमा परीक्षण गरी प्रदेश सरकारबाट निर्माण गरिने नीति, कानून, योजना तथा बजेट, सञ्चालन गरिने आयोजना तथा कार्यक्रम र सम्पादन गरिने प्रशासनिक क्रियाकलापहरूलाई लैससासमैत्री बनाउन वाञ्छनीय भएकाले,

प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०७६ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद —१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "निकाय" भन्नाले प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालय, आयोग, विभाग, निर्देशनालय, डिभिजन, कार्यालय तथा प्रदेश सरकार अन्तर्गत वा मातहत रहेका अन्य सम्पूर्ण इकाइ सम्झनु पर्छ ।

(ख) "परीक्षण कार्यदल" भन्नाले **दफा ५** बमोजिमको लैससास परीक्षण कार्यदल सम्झनु पर्छ ।

(ग) "प्रदेश सरकार" भन्नाले कोशी प्रदेश सरकार सम्झनु पर्छ ।

(घ) "लक्षित समूह" भन्नाले नेपालको संविधानको धारा १८ को उपधारा (३) मा उल्लेख गरिएका वर्ग र नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग वा समुदाय सम्झनु पर्छ ।

(ङ) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता तथा बजेट निर्माण र कार्यान्वयनका सबै चरणमा लैङ्गिक मूलप्रवाहीकरणको प्रक्रिया सम्झनु पर्छ ।

(च) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण वा लैससास परीक्षण" भन्नाले लैङ्गिक समानता तथा समावेशीकरण विकास गर्न तय गरिएको बजेट र

कार्यक्रममार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउन यस कार्यविधि बमोजिम प्रदेश अन्तर्गतका निकायमा गरिने परीक्षण सम्झनु पर्छ ।

(छ) "लोपोन्मुख समुदाय" भन्नाले नेपाल सरकारले लोपोन्मुख भनि तोकेका समुदाय, जातजाति वा समूह सम्झनु पर्छ ।

(ज) "लैससास" भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको संक्षिप्त रूप सम्झनु पर्छ ।

## परिच्छेद —२
## कार्यविधिको उद्देश्य

३. **कार्यविधिको उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :—

(क) प्रदेश सरकार अन्तर्गतका निकायको लैससास परीक्षणमार्फत लैससासको अवस्था पत्ता लगाई सुधारका लागि संस्थागत संरचना र कार्यक्रमहरूमा सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरण गरी समग्र शासकीय क्षेत्रमा सुशासन अभिवृद्धि गर्ने,

(ख) प्रदेश सरकारको विकास प्रक्रियामा लक्षित वर्गको निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने,

(ग) प्रदेश सरकार अन्तर्गतका निकायले सञ्चालन गर्ने सबै योजना तथा कार्यक्रमहरूको प्रत्येक चरणमा लैससासमैत्री अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्दै लैजाने ।

## परिच्छेद —३
## लैससास परीक्षण कार्यदल गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

४. **प्रत्येक निकायले लैससास परीक्षण गर्नु पर्नेः** (१) प्रदेश सरकार अन्तर्गतका प्रत्येक निकायले वर्षमा एक पटक लैससास परीक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षण कार्य प्रत्येक वर्षको प्रथम चौमासिक भित्रमा सम्पन्न गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको परीक्षण कार्य प्रत्येक निकायहरूको आन्तरिक स्वलेखाजोखामा आधारित हुनेछ ।

(४) उपदफा (१) बमोजिम लैससास परीक्षण गर्दा सम्बन्धित निकायले अघिल्लो आर्थिक वर्षको तथ्यलाई आधार मानी गर्नु पर्नेछ ।

५. **<u>परीक्षण कार्यदल गठन गर्नु पर्ने</u>**ः (१) लैससास परीक्षणमार्फत प्रदेश सरकारका कामकारबाहीमा सुशासन अभिवृद्धि गर्न प्रत्येक निकायले देहाय बमोजिमको एक लैससास परीक्षण कार्यदलको गठन गर्नु पर्नेछ :—

(क) लैससास परीक्षण गर्ने निकायको प्रशासन वा लैससास महाशाखा/शाखा प्रमुख —संयोजक

(ख) लैससास परीक्षण गर्ने निकायको अधिकृतस्तरको कर्मचारी —सदस्य

(ग) सामाजिक विकास मन्त्रालय वा सामाजिक विकास कार्यालयको प्रतिनिधि —सदस्य

(घ) लैससास परीक्षण गर्ने निकायको लैङ्गिक सम्पर्क व्यक्ति —सदस्य—सचिव

(२) उपदफा (१) बमोजिमको कार्यदलले लैससास परीक्षण कार्यको सहजीकरण र परामर्शका लागि सम्बन्धित विषयका विज्ञ तथा कर्मचारीलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ।

६. **<u>परीक्षण कार्यदलको काम, कर्तव्य र अधिकार</u>**ः यस कार्यविधिमा अन्यत्र उल्लिखित कुराका अतिरिक्त परीक्षण कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो निकायको लैससास परीक्षणका लागि आवश्यक सम्पूर्ण प्रबन्ध मिलाउनु,

(ख) तोकिएको समयमै लैससास परीक्षण कार्य सम्पन्न गर्नु, गराउनु,

(ग) वस्तुगत आधारमा आफ्नो निकायसँग सम्बन्धित परीक्षण सूचकहरूको इमानदारीपूर्वक छनोट र स्वघोषणा गरी लैससास परीक्षण गर्नु, गराउनु,

(घ) लैससास परीक्षण गर्ने क्रममा सरोकारवालाहरूसँग आवश्यक छलफल तथा परामर्श गर्नुका साथै परीक्षणमा सरोकारवालाहरूको सहभागिताको सुनिश्चितता गर्नु,

(ङ) यस कार्यविधिमा उल्लिखित विधि तथा तरिकाहरूको पालना गरी लैससास परीक्षण गर्नु, गराउनु,

(च) लैससास परीक्षणका क्रममा आवश्यकता अनुसार अन्तर—निकाय समन्वय गर्नु,

(छ) लैससास परीक्षणबाट आएको नतिजाका आधारमा आफ्नो निकायलाई थप लैससासमैत्री निकायको रूपमा स्थापित गरी सुशासन अभिवृद्धि गर्न आवश्यक पहल गर्नु ।

## परिच्छेद –४

## परीक्षण सूचक, नतिजा, विधि र प्रक्रिया सम्बन्धी व्यवस्था

७. **लैससास परीक्षण सूचक**ः (१) प्रत्येक निकायले लैससास परीक्षण गर्दा देहायका विषयक्षेत्रका विभिन्न सूचकहरूमा आधारित रही परीक्षण गर्नु पर्नेछ :–

(क) नीति, कानून, योजना तथा कार्यक्रम,

(ख) संस्थागत व्यवस्था,

(ग) मानव संसाधन तथा क्षमता विकास,

(घ) सुशासन तथा उत्तरदायित्व,

(ङ) सेवा प्रवाह ।

(२) उपदफा (१) बमोजिमका विषयक्षेत्रमा प्रति विषयक्षेत्र पन्ध्रवटा सूचकहरूका आधारमा अधिकतम एक/एक अङ्कका दरले **कुल पचहत्तर (७५) अङ्कभारमा** लैससास परीक्षण गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रत्येक निकायलाई आफ्नो निकायसँग सम्बन्धित सूचकहरूको स्वघोषणा गर्दै छनोट गरी सोही बमोजिम प्रतिसूचक एक अङ्कका दरले अङ्कभार कायम गरी लैससास परीक्षण गर्न बाधा पर्ने छैन ।

(४) लैससास परीक्षणका सूचक र अङ्कभार अनुसूची –१ बमोजिम हुनेछ ।

८. **लैससास परीक्षण नतिजा**ः प्रत्येक निकायले गरेको लैससास परीक्षणको नतिजा देहाय बमोजिम गणना हुनेछ :-

(क) आफ्नो निकायसँग सम्बन्धित सूचकहरूको कुल अङ्कभारको चालिस प्रतिशतभन्दा कम अङ्क प्राप्त गरेमा कमजोर मानिने,

(ख) आफ्नो निकायसँग सम्बन्धित सूचकहरूको कुल अङ्कभारको चालिस प्रतिशतदेखि माथि पचास प्रतिशतसम्म अङ्क प्राप्त गरेमा सामान्य मानिने,

(ग) आफ्नो निकायसँग सम्बन्धित सूचकहरूको कुल अङ्कभारको पचास प्रतिशतदेखि माथि पचहत्तर प्रतिशतसम्म अङ्क प्राप्त गरेमा उत्तम मानिने,

(घ) आफ्नो निकायसँग सम्बन्धित सूचकहरूको कुल अङ्कभारको पचहत्तर प्रतिशतदेखि माथि अङ्क प्राप्त गरेमा उत्कृष्ट मानिने ।

९. **लैससास परीक्षण विधिः** (१) लैससास परीक्षण विधि अनुसूची –२ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको विधि पालना गर्दै आफ्नो निकायको लैससास परीक्षण गर्दा परीक्षण कार्यदलले आयोजना गरेको कार्यशालामा प्राप्त प्राप्ताङ्कलाई उतार गर्ने माकुरे जालोको ढाँचा अनुसूची –३ बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको विधि पालना गर्दै आफ्नो निकायको लैससास परीक्षण गर्दा परीक्षण कार्यदलले आयोजना गरेको कार्यशालामा गरिने सबल र दुर्बल पक्ष तथा अवसर र चुनौतीको विश्लेषणको नतिजालाई अनुसूची —४ र प्राप्त मुख्य उपलब्धिहरूलाई अनुसूची —५ बमोजिमको ढाँचामा उतार गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको विश्लेषणको आधारमा आगामी दिनमा सञ्चालन गर्नु पर्ने क्रियाकलाप र सुझाव समेत राखि तर्जुमा गरिने लैससास कार्यान्वयन कार्ययोजनाको ढाँचा अनुसूची — ६ बमोजिम हुनेछ ।

१०. **लैससास परीक्षणका प्रक्रियाहरू**: लैससास परीक्षणका प्रक्रियाहरू अनुसूची – ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद — ५

## परीक्षण प्रतिवेदन, नतिजाको गुणस्तरीयता तथा समीक्षा र सार्वजनिकीकरण सम्बन्धी व्यवस्था

११. **लैससास परीक्षण प्रतिवेदन**: (१) परीक्षण कार्यदलले आफ्नो निकायको लैससास परीक्षण गरी अनुसूची — ८ बमोजिमको ढाँचामा तीनप्रति लैससास परीक्षण प्रतिवेदन सम्बन्धित निकायको प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको प्रतिवेदनको एक/एक प्रति सम्बन्धित निकायको प्रमुखले मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालय तथा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुन आएको प्रतिवेदनका आधारमा लैससासको अवस्था सुधारका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकता अनुसार सामाजिक विकास मन्त्रालयको समेत राय लिई सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१२. **लैससास परीक्षण नतिजाको गुणस्तरीयता**: (१) लैससास परीक्षणको अन्तिम प्रतिवेदनको प्राप्तिपश्चात सामाजिक विकास मन्त्रालयले प्रतिवेदनको अध्ययन तथा पेश गरिएका प्रमाणहरूको आवश्यकता अनुसार स्थलगत रुजु समेत गरी नतिजाको गुणस्तरीयता मापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नतिजाको गुणस्तरीयता मापन गर्ने क्रममा सामाजिक विकास मन्त्रालयले सम्बन्धित निकायलाई लैससासको अवस्था सुधारका सम्बन्धमा राय सुझाव दिन सक्नेछ।

१३. **लैससास परीक्षण नतिजाको समीक्षा**: (१) लैससास परीक्षणको नतिजा आ–आफ्नो नीतिगत तथा कार्यगत संयन्त्र बैठकमा छलफल गराई दफा ११ बमोजिम प्राप्त निर्देशन तथा दफा १२ बमोजिम प्राप्त राय सुझाव तथा अनुसूची —६ बमोजिमको लैससास कार्यान्वयन कार्ययोजनाको कार्यान्वयन गर्नु प्रत्येक निकायको दायित्व तथा जिम्मेवारी हुनेछ ।

१४. **नतिजा सार्वजनिक गर्ने**: (१) यस कार्यविधि बमोजिम गरिएको प्रत्येक निकायको लैससास परीक्षणको अन्तिम प्रतिवेदनको आधारमा प्राप्त नतिजा प्रविष्टि गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रत्येक वर्षको पौष महिनाभित्र सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नतिजा सार्वजनिक गर्दा प्रत्येक सार्वजनिक निकायले प्राप्त गरेको अङ्क तथा सो का आधारमा लैससासका दृष्टिकोणले उत्कृष्ट, उत्तम, सामान्य वा कमजोरमध्ये सम्बन्धित निकायको अवस्था के-कस्तो रहेको छ ? सो समेत खुलाइ सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको नतिजा प्रविष्टि र सार्वजनिकीकरण कार्यका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सूचना प्रविधिमा आधारित सफ्टवेयरको विकास गरी प्रयोगमा ल्याउन सक्नेछ ।

## परिच्छेद —६

## विविध

१५. **सहजकर्ताको सेवा लिन सकिने**: यस कार्यविधि बमोजिमको लैससास परीक्षण कार्यका लागि प्रचलित खरिद कानूनको अधीनमा रही लैससास परीक्षण तथा अभिमुखीकरण प्रशिक्षक प्रशिक्षण प्राप्त आन्तरिक तथा बाह्य सहजकर्ताको सहयोग वा सेवा लिन सकिनेछ ।

१६. **लैससास परीक्षणमा आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्न सकिने**: कोशी प्रदेशमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम सञ्चालनमा रहँदासम्म उक्त कार्यक्रमबाट समेत लैससास परीक्षणमा आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्न सकिनेछ ।

१७. **बैठक भत्ता**: लैससास परीक्षण कार्यदलको बैठकमा भाग लिएबापत कार्यदलका सदस्य तथा आमन्त्रितले प्रचलित कानून बमोजिम बैठक भत्ता प्राप्त गर्नेछन् ।

१८. **अनुसूचीमा हेरफेर तथा संशोधन**: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यस कार्यविधिको अनुसूचीहरूमध्ये जुनसुकै अनुसूचीमा आवश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

१९. **कार्यविधिको संशोधन वा खारेजी:** यस कार्यविधिको आवश्यकता अनुसार संशोधन तथा खारेजी गर्ने अधिकार प्रदेश सरकारमा निहित रहनेछ ।

## अनुसूची – १
## (दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि विषयगत सूचकहरू

नोट : तल दिइएका सूचकहरूमध्ये प्रत्येक निकायले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित सूचकहरूलाई स्वघोषणमार्फत छनोट गरी मूल्याङ्कन गर्नु पर्नेछ । यसरी मूल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा १, ०.५ र ० अङ्क पाउने अवस्था र सो को प्रमाणीकरणको आधार राखिएको छ। परीक्षण कार्यदलमा पहिला सूचकमा छलफल गरी सो को अवस्थाबारे सहमतिमा अङ्क प्रदान गर्नु पर्नेछ ।

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| **१. नीति, कानून योजना तथा कार्यक्रम** | १.१. प्रदेशको नीति तथा कानूनको मस्यौदा तयार गर्दा बनेका कार्यटोलीको समावेशी बनोट | नीति तथा कानूनको मसौदा तयार गर्दा सबै कार्यटोली लैससास दृष्टिले नेपाल सरकारको नीति, कानून बमोजिम समावेशी हुने गरी निर्माण गर्ने गरेको (महिला, दलित, अल्पसंख्यक र अपाङ्गता भएका समुदायबाट) | नीति तथा कानूनको मसौदा तयार गर्दा आंशिक (कम्ती १) कार्यटोली लैससास दृष्टिले निर्माण गर्ने गरेको | नीति तथा कानूनको मसौदा गर्दा लैससास दृष्टिले कार्यटोली निर्माण नगरेको | • स्वीकृत गरेका नीति तथा कानूनी दस्ताबेजहरू र स्वीकृतिको लागि प्रस्तुत गरेका मसौदा नीति तथा कानूनी दस्ताबेजहरू<br>• निर्माण भएको संरचात्मक कार्य टोलीको बनोट | |
| | १.२. नीति तथा कानूनी | सबै नीति तथा कानूनी | आंशिक (कम्ती एक) | नीति तथा कानूनी | • लैससास संवदेनशील | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | दस्तावेज र मसौदाको विषयवस्तु, शब्द चयन र प्रावधानमा लैससास संवेदनशीलता, समावेशिता र सहभागिता | दस्तावेज र मसौदा विषयवस्तु, शब्द चयन र प्रावधान लैससास संवेदनशील, समावेशी र सहभागीमूलक भएका | नीति तथा कानूनी दस्तावेज र मसौदा विषयवस्तु, शब्द चयन र प्रावधान लैससास संवेदनशील, समावेशी र सहभागीमूलक भएका | दस्तावेज र मसौदा विषयवस्तु, शब्द चयन र प्रावधान लैससास संवेदनशील, समावेशी र सहभागीमूलक नभएका | नीति निर्माणका लागि भएको निर्णय वा दस्तावेज<br>• वार्षिक बजेट तथा कार्यक्रम | |
| | १.३. लैससास सम्बन्धी नीति तथा कानून निर्माणको क्रममा महिला तथा सामाजिक रूपमा पछाडि पारिएको वर्ग समुदायका प्रतिनिधि तथा सरोकारवालाको सुझाव | सुझाव लिई कार्यान्वयन गर्ने गरेको | सुझाव लिने गरेको तर कार्यान्वयन नगरेको | सुझाव लिने नगरेको | • मन्त्रालय तथा कार्यालय र प्रदेशको कानून तथा नीति निर्माणको क्रममा सुझाव लिएको प्रतिवेदन<br>• सुझाव सङ्कलन परामर्श गोष्ठीमा सहभागीको विवरण | |
| | १.४. मन्त्रालय तथा मातहतका निकाय/कार्यालयले जारी गरेका लैससास सम्बन्धी कानूनहरूको विषयमा कर्मचारी, प्रतिनिधि र सरोकारवालाहरूलाई | अभिमुखीकरण गर्ने गरेको | आंशिक रूपमा अभिमुखीकरण गर्ने गरेको | अभिमुखीकरण गर्ने नगरिएको | • वार्षिक बजेट तथा कार्यक्रम<br>• अभिमुखीकरण कार्यक्रमको उपस्थिति<br>• प्रतिवेदन | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | अभिमुखीकरणको अवस्था | | | | | |
| | १.५. प्रदेश सरकार तथा अन्तर्गतका मन्त्रालयले जारी गरेका कानूनहरूको पहुँचयोग्यता | कानूनहरू सबैको पहुँचयोग्य हुने गरी वेबसाइट र रेडियो, टि.भी., डिजिटल बोर्ड, पत्रपत्रिका लगायतका सञ्चार माध्यमहरूमा प्रशारण प्रकाशन गर्ने गरेको | कानूनहरू सबैको पहुँचयोग्य हुने गरी वेबसाइटमा मात्र राखेको | कानूनहरू सबैको पहुँचयोग्य हुने गरी वेबसाइट तथा सञ्चारका माध्यमहरूमा प्रशारण गर्ने नगरेको | • प्रकाशन, प्रसारण गरेको प्रमाण<br>• वेबसाइटको स्क्रिनसट वा लिङ्क | |
| | १.६. प्रदेश सरकार तथा अन्तर्गतका मन्त्रालयले जारी गरेका कानूनमा महिला तथा पछाडि पारिएका वर्ग र समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू रोक्ने प्रावधानको व्यवस्था | महिला तथा वञ्चितिमा परेका समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू रोक्ने प्रावधानको व्यवस्था गरी कार्यान्वयनमा ल्याएको | महिला तथा वञ्चितिमा परेका समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू रोक्ने प्रावधान भएको तर कार्यान्वयनमा नल्याएको | महिला तथा वञ्चितिमा परेका समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू रोक्ने प्रावधानको व्यवस्था नगरिएको | • स्वीकृत गरेका ऐन नियम तथा कार्यविधि तथा कानूनी दस्ताबेजहरू<br>• प्रावधानहरू के-के हुने ? | |
| | १.७. वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि नीति, रणनीति र कार्यक्रम | वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि नीति, रणनीति, कार्यक्रम र | वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य | वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि नीति, रणनीति, कार्यक्रम र | • वार्षिक बजेट तथा कार्यक्रम<br>• लक्ष्य अनुसारको कार्यप्रगति प्रतिवेदन | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | मापनयोग्य उपलब्धि लक्ष्य समावेश भएको बजेट विनियोजन भई कार्यान्वयनमा आएको | उपलब्धि लक्ष्य समावेश भएको बजेट विनियोजन भएको तर कार्यान्वयनमा नआएको | मापनयोग्य उपलब्धि लक्ष्य समावेश नगरिएको | | |
| | १.८. महिला, बालबालिका तथा पछाडि पारिएको वर्ग क्षेत्र, समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना तर्जुमाको अवस्था | प्रत्यक्ष लाभ पुग्ने योजनाहरू वार्षिक कार्यक्रममा समावेश भई कार्यान्वयन भएको | प्रत्यक्ष लाभ पुग्ने योजनाहरू वार्षिक कार्यक्रममा समावेश भएको तर कार्यान्वयन नभएको | प्रत्यक्ष लाभ पुग्ने योजनाहरू समावेश नभएको | महिला, बालबालिका तथा पछाडि पारिएको वर्ग क्षेत्र, समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरू कार्यान्वयन गरेको सूची | |
| | १.९. लैङ्गिक उत्तरदायी बजेट निर्देशिका अनुरूप प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टिको अवस्था | लैङ्गिक उत्तरदायी बजेट निर्देशिका अनुरूप प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा पूर्णरूपमा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि गरिएको | आंशिक रूपमा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि गरिएको | लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि नगरिएको | प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि खण्ड | |
| | १.११ जातीय विभेद, बालविवाह, बहुविवाह, | कार्यक्रम सञ्चालनमा भएको | कार्यक्रम भएको तर सञ्चालनमा नआएको | कार्यक्रम नभएको | • वार्षिक बजेट तथा कार्यक्रम | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | दाइजो प्रथा आदि कुरीति हटाउने कार्यक्रम सञ्चालन | | | | • लक्ष्य अनुसारको कार्य प्रगति प्रतिवेदन | |
| | १.१२ महिला, बालबालिका तथा पछाडि पारिएका समूहका लागि लैससास नीतिको प्रावधान अनुसार बजेट विनियोजनको अवस्था | महिला, बालबालिका तथा पछाडि पारिएका समूहका लागि लैससास नीतिको प्रावधान अनुसार बजेट विनियोजन भई कार्यान्वयन भएको | बजेट विनियोजन भएको तर कार्यान्वयन नभएको | बजेट विनियोजन नभएको | • लैससास नीति<br>• वार्षिक कार्यक्रम तथा बजेट<br>• प्रगति प्रतिवेदन | |
| | १.१३ समावेशी तथा सहभागीमूलक विकासका लागि योजना तर्जुमा तथा समीक्षा गर्दा सरोकारवालाहरूबीच छलफल तथा परामर्श | योजना तर्जुमा तथा समीक्षा गर्दा सरोकारवालाहरूबीच वर्षमा कम्तीमा २ पटक छलफल तथा परामर्श हुने गरेको | वर्षमा कम्तीमा १ पटक छलफल तथा परामर्श हुने गरेको | सरोकारवालाहरूबीच छलफल तथा परामर्श हुने नगरेको | बैठक उपस्थिति तथा निर्णय पुस्तिका | |
| | १.१४ लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण गर्न बजेट व्यवस्था | बजेट व्यवस्था गर्ने गरेको | बजेट व्यवस्था गरेको तर परीक्षण गर्ने नगरेको | बजेट व्यवस्था नगरेको र परीक्षण गर्ने नगरेको | • बजेट तथा कार्यक्रम<br>• परीक्षण प्रतिवेदन | |
| | १.१५ लैससास परीक्षणमा औंल्याइएका सुधार, सुझावहरू कार्यान्वयनका | सुधार सुझावहरू कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम | वार्षिक योजनामा समावेश भएको तर कार्यान्वयनमा नआएको | सुधार सुझावहरू कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम | • बजेट तथा कार्यक्रम<br>• कार्यान्वयन प्रतिवेदन<br>• लैससास परीक्षण | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेशको अवस्था | वार्षिक योजनामा समावेश भई कार्यान्वयनमा आएको | | वार्षिक योजनामा समावेश नभएको, कार्यान्वयनमा आएको | प्रतिवेदन | |
| २. **संस्थागत व्यवस्था** | २.१ निर्णायक तहमा महिला तथा वञ्चितिकरणमा परेका समुदायको प्रतिनिधित्व (कर्मचारी र पदाधिकारी) | निर्णायक तहमा महिला तथा वञ्चितिकरणमा परेका समुदायको कम्तिमा ३३ प्रतिशत प्रतिनिधित्व भएको | कम्तीमा २५ प्रतिशत प्रतिनिधित्व भएको | २५ प्रतिशत भन्दा कम प्रतिनिधित्व भएको | • समितिमा महिला तथा वञ्चितिकरणमा परेका व्यक्तिहरूको नामावली र उपस्थिति<br>• बैठकको निर्णय | |
| | २.२ श्रेणीविहीन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा सबै जातजाति, लिङ्ग, वर्ग र समुदायको प्रतिनिधित्व | समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति बनाई कार्यान्वयनमा आएको | समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति बनेको तर कार्यान्वयनमा नआएको | रणनीति नबनेको | • रणनीतिको दस्ताबेज<br>• भर्ना कर्मचारीको विवरण<br>• विज्ञापनमा स्पष्ट रूपमा उल्लेख भएको | |
| | २.३ कुनै अवसर (तालिम, अध्ययन, भ्रमण, जिम्मेवारी) प्रदान गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायबाट प्रतिनिधित्व भएका कर्मचारी/ पदाधिकारीहरूलाई प्राथमिकता दिने गरी | सकारात्मक विभेदको नीति निर्माण भई कार्यान्वयनमा आएको | सकारात्मक विभेदको नीति निर्माण मात्र गरिएको तर कार्यान्वयनमा नआएको | सकारात्मक विभेदको नीति नगरिएको | • प्रतिनिधित्व गराउने सम्बन्धी नीति वा निर्णय<br>• प्रतिनिधित्व भएको कर्मचारी वा पदाधिकारीको विवरण | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | सकारात्मक विभेदको नीति तथा उक्त अवसरमा प्रतिनिधित्व | | | | | |
| | २.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हेर्ने इकाइ /शाखा र कार्यान्वयन समितिको व्यवस्था | व्यवस्था भएको | व्यवस्था गर्ने निर्णय भएको | व्यवस्था गर्ने निर्णय नै नभएको | • इकाइ/शाखा र डेस्कको स्थापना गर्ने निर्णय व नीति<br>• इकाइ/शाखा र डेस्कको स्थापना भएको प्रमाण | |
| | २.५. मन्त्रालय तथा कार्यालयमा लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्ने संयन्त्रको व्यवस्था | लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्न हटलाइन, तथा छुट्टै इमेल, तोकिएको फोन नम्बर वा निःशुल्क टोल फ्रि नम्बरको व्यवस्थापन भई प्रयोगमा आएको | लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्न हटलाइन, तथा छुट्टै इमेल, तोकिएको फोन नम्बर वा निःशुल्क टोल फ्रि नम्बरको व्यवस्थापनको निर्णय भएको | लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्न हटलाइन, तथा छुट्टै इमेल, तोकिएको फोन नम्बर वा निःशुल्क टोल फ्रि नम्बरको व्यवस्थापन सम्बन्धी कुनै पनि निर्णय नभएको | • हटलाइन, टोल फ्रि नम्बर राख्ने वा अन्य संयन्त्र व्यवस्थापनका लागि निर्णय भएको पुस्तिका<br>• हटलाइन, टोल फ्रि नम्बर सञ्चालनमा आएको<br>• हटलाइन, टोल फ्रि नम्बर मार्फत प्राप्त गुनासा वा परामर्श तथा फछ्यौंटको विवरण राखेको | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | अभिलेख पुस्तिका | |
| | २.६ लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था | व्यवस्था गरेको | निर्णय मात्र गरेको तर कर्मचारी नतोकिएको | व्यवस्था नगरेको | लैससास फोकल पर्सन तोकेको पत्र | |
| | २.७ मन्त्रालय तथा अन्तर्गत कार्यालयका विभिन्न विषयगत समिति, उपसमिति र कार्यदलमा महिला तथा सामाजिक रूपमा पछाडि पारिएका वर्ग, समुदायहरूको सहभागिता तथा प्रतिनिधित्वको अवस्था | ३५ प्रतिशत भन्दा बढी प्रतिनिधित्व रहेको | २५ देखि ३५ प्रतिशत सम्म प्रतिनिधित्व रहेको | २५ प्रतिशत भन्दा कम प्रतिनिधित्व रहेको | समितिको संरचना र नाम सहितको विवरण | |
| | २.८. लैङ्गिक सम्पर्क व्यक्तिहरूको बैठक | मासिक बैठक बसी निर्णयहरू हुने गरेको | बैठक निर्धारित मितिमा बस्ने नगरेको | बैठक बस्ने नगरेको | बैठक निर्णय पुस्तिका र अभिलेख | |
| | २.९ लैससासमैत्री खण्डीकृत तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन गर्न कानूनी तथा नीतिगत व्यवस्था | कानूनी तथा नीतिगत व्यवस्था भई कार्यान्वयन भएको | कानूनी तथा नीतिगत व्यवस्था मात्र भएको | कानूनी तथा कुनैपनि नीतिगत व्यवस्था नभएको | • बैठक पुस्तिका र निर्णय<br>• वार्षिक योजना, तथा कार्यक्रम र प्रतिवेदनहरू | |
| | २.१० लैससास सम्बन्धी सूचना र तथ्याङ्क शाखा वा उपशाखा वा इकाइको स्थापना तथा तथ्याङ्कका | कार्यविवरण सहित सूचना र तथ्याङ्क शाखा वा उपशाखा वा इकाइको स्थापना वा | सूचना र तथ्याङ्क शाखा वा उपशाखा वा इकाइको स्थापना वा जिम्मेवारी मात्र दिएको | सूचना र तथ्याङ्क शाखा वा उपशाखा वा इकाइको स्थापना वा जिम्मेवारी दिने | • सङ्गठन संरचना वा शाखा गठन गरेको निर्णय<br>• कार्यविवरण र | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | लागि जिम्मेवारी वा कर्मचारीको व्यवस्था | जिम्मेवारी दिएको | | सम्बन्धमा कुनै कार्य नभएको | जिम्मेवारी पत्र | |
| | २.११ खण्डीकृत तथ्याङ्कको अद्यावधिक | अद्यावधिक गरी सार्वजनिकीकरण गरेको | अद्यावधिक गरेको तर सार्वजनिकीकरण नगरेको | अद्यावधिक नगरेको | • लोपोन्मुख समुदाय/जातजाति/ समूह र यौनिक अल्पसंख्यकको अद्यावधिक विवरण<br>• सार्वजनिकीकरण गरेको प्रमाण जस्तै वेबसाइट, लिङ्क, फेसबुक पेज, पत्रपत्रिकाको काटिएको तत्सम्बन्धी अंश | |
| | २.१२ खण्डीकृत तथ्याङ्कको विश्लेषण र नीति तथा योजना तर्जुमामा प्रयोग | खण्डीकृत तथ्याङ्कको विश्लेषण भई सोही तथ्याङ्कमा आधारित भएर नीति तथा योजना तर्जुमा गर्ने गरेको | खण्डीकृत तथ्याङ्कको विश्लेषण हुने गरेको तर सोही तथ्याङ्कमा आधारित भएर नीति तथा योजना तर्जुमा गर्ने नगरेको | खण्डीकृत तथ्याङ्कको विश्लेषण गर्ने नगरेको | • तथ्याङ्क विश्लेषण तथा समीक्षा प्रतिवेदन<br>• वार्षिक नीति, कार्यक्रम तथा बजेट | |
| | २.१३ नागरिक सहायता तथा सोधपुछ कक्षको व्यवस्था | भएको | स्थापनाको निर्णय मात्र भएको | व्यवस्था नभएको | • नागरिक सहायता कक्ष तथा सोधपुछ कक्ष स्थापना | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | सम्बन्धी निर्णय<br>• व्यवस्थित नागरिक सहायता तथा सोधपुछ कक्ष | |
| | २.१४ गुनासो सुन्ने अधिकारीको व्यवस्था र गुनासोको सम्बोधन | गुनासो सुन्ने अधिकारीको व्यवस्था गरी गुनासो समयमै सम्बोधन गर्ने गरिएको | गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको तर गुनासो सम्बोधन गर्ने नगरिएको | गुनासो सुन्ने अधिकारीको व्यवस्था नभएको तथा गुनासो समयमै सम्बोधन गर्ने नगरिएको | • गुनासो सुन्ने अधिकारी तोक्ने निर्णय<br>• गुनासो सुनुवाइको अभिलेख तथा प्रतिवेदन | |
| | २.१५ अति गरिब तथा लोपोन्मुख समुदायका व्यक्तिलाई गरिएको सेवा प्रवाहमा सहुलियत | निःशुल्क सेवा प्रवाह गर्ने गरेको | सेवा प्रवाह गर्दा केही सहुलियत वा छुट दिने गरेको | निःशुल्क सेवा वा छुट वा सहुलियत व्यवस्था नभएको | निःशुल्क सेवा वा छुट सुविधा वा सहुलियत प्राप्त गर्ने व्यक्तिको विवरण | |
| **३. मानव संसाधन तथा क्षमता विकास** | ३.१. लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना, बजेट विनियोजन एवं खर्च गर्ने कार्यविधि | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी छुट्टै शीर्षकमा बजेट विनियोजन हुने गरेको र यस्तो रकम खर्च | कार्ययोजना तयार भएपनि छुट्टै शीर्षकमा बजेट विनियोजन हुने नगरेको तथा यस्ता कार्यमा भए गरेको खर्च गर्ने कार्यविधि स्वीकृत भई कार्यान्वयनमा | कार्ययोजना तयार नगरेको, छुट्टै शीर्षकमा बजेट विनियोजन हुने नगरेको र यस्तो रकम खर्च गर्ने कार्यविधि समेत स्वीकृत भई | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना, वार्षिक बजेट किताब र लैससासमा खर्च गर्ने कार्यविधि | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | गर्ने कार्यविधि स्वीकृत भई कार्यान्वयनमा नआएको | नआएको | कार्यान्वयनमा नआएको । | | |
| | ३.२ मन्त्रालयमा तथा मातहतका निकायमा कार्यरत कर्मचारीको दक्षता/सीप अभिवृद्धि कार्यक्रम कार्यान्वयन गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्ति, जनजाति लगायत वञ्चितिकरणमा परेको वर्ग वा समुदायको प्रतिनिधित्व गर्ने कर्मचारी वा पदाधिकारीको सहभागिता | दक्षता/सीप अभिवृद्धि कार्यक्रमका सहभागीहरू मध्ये ४० प्रतिशत भन्दा बढी लक्षित समुदायको प्रतिनिधित्व गर्ने कर्मचारी भएको | २५ देखि ४० प्रतिशत सम्म लक्षित समुदायको प्रतिनिधित्व गर्ने कर्मचारी भएको | २५ प्रतिशत भन्दा कम लक्षित समुदायको प्रतिनिधित्व गर्ने कर्मचारी भएको | • पदाधिकारी तथा कर्मचारीको विवरण<br>• तालिममा सहभागी कर्मचारी तथा पदाधिकारीको विवरण | |
| | ३.३ भवन आचारसंहिता तथा कार्यालयको भौतिक संरचना तयार गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गर्न मापदण्ड निर्माण र कार्यान्वयन | उपयुक्त हुने गरी संरचना तयार गर्न मापदण्ड तयार गरी कार्यान्वयन गरेको | मापदण्ड मात्र तयार गरेको | मापदण्ड तयार नभएको साथै कार्यक्रम सञ्चालन समेत गर्ने नगरिएको | • स्वीकृत मापदण्ड<br>• कार्यक्रम सञ्चालन भएको प्रतिवेदन | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | ३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने मानवीय स्रोतको अवस्था | यथेष्ट मानवीय स्रोत रहेको | न्यून मानवीय स्रोत रहेको | नरहेको | विषयगत तालिम प्राप्त जनशक्ति संख्या विवरण | |
| | ३.५ प्रदेश सरकारको मन्त्रालय तथा कार्यालय मार्फत हुने विपद् व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति, सहितको कार्यविधि निर्माणमा महिला तथा वञ्चितिकरण परेको समुदायसँगको परामर्श र यस्ता दस्ताबेजहरूमा सीमान्तकृत वर्ग र समुदाय लक्षित विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान | परामर्श गर्ने गरेको यस्ता दस्ताबेजहरूमा सीमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान समेत रहेको | सीमित व्यक्तिसँग मात्र परामर्श लिने गरेको र सीमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान समेत नरहेको | परामर्श लिने नगरेको र सीमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहतको प्रावधान समेत नरहेको | • विपद् व्यवस्थापन सम्बन्धी मापदण्ड रणनीति, कार्यनीति, सहितको कार्यविधि<br>• निर्माणको क्रममा गरिएको परामर्श कार्यक्रमको उपस्थिति र सहभागी विवरण | |
| | ३.६ प्रदेश सरकारको विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा | सबैको खण्डीकृत तथ्याङ्क राखि आपतकालीन | लाभान्वित समूहका महिला तथा केही वञ्चितिकरणमा परेको | तथ्याङ्क नराखि आपतकालीन कार्यसञ्चालन तथा | • विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | व्यवस्थापनमा लाभान्वित समूहका महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखि आपतकालीन कार्यसञ्चालन तथा राहत वितरण | कार्यसञ्चालन तथा राहत वितरण गर्ने गरेको | समुदाय समेतको तथ्याङ्क राखि आपतकालीन कार्यसञ्चालन तथा राहत वितरण गर्ने गरेको | राहत वितरण गर्ने गरेको | व्यवस्थापन गर्दा लिइएको लाभान्वित समूहका महिलाको विवरण<br>• वञ्चितिकरणमा परेको समुदायको तथ्याङ्क राखि आपतकालीन कार्यसञ्चालन तथा राहत वितरणको सूची | |
| | ३.७ प्रदेश सरकारको विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन सम्बन्धी निर्णयमा महिला तथा वञ्चितिकरण परेको समुदाय समेतको सहभागिता | महिला तथा वञ्चितिकरण परेको समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरेको | महिला तथा वञ्चितिकरण परेको समुदायमध्ये सीमितको सहभागितामा निर्णय गर्ने गरेको | सहभागिताबिना नै निर्णय गर्ने गरेको । | विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोतको परिचालन गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागिता भएको उपस्थिति विवरण | |
| | ३.८ प्रदेश मन्त्रालय तथा अन्तर्गतका कार्यालयमा महिला तथा लक्षित समूहका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि | निर्दिष्ट कार्यक्रमहरू रहेका र सो अनुसारको बजेट विनियोजन हुने गरेको | निर्दिष्ट कार्यक्रमहरू भए तापनि सो अनुसारको बजेट विनियोजन हुने नगरेको | निर्दिष्ट कार्यक्रमहरू तर्जुमा नगरिएको | महिला तथा लक्षित समूहका पदाधिकारीको क्षमता विकास सम्बन्धी प्राविधिक तालिम, | |

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | निर्दिष्ट कार्यक्रमहरू (प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) को तर्जुमा र बजेट विनियोजन | | | | नेतृत्व विकासको तालिम, भ्रमण आदिको प्रतिवेदन र परिमाण खुल्ने बजेट खर्च विवरण | |
